# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

## आ.व. २०७८/०७९ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०३/०७)**

ककनी गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकार आन्तरिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६४ मिति २०७५/०४/२२ को पत्र, यस गाउँपालिकाको राजस्व परामर्श समितिको बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७८/०२/१९ को बैठकको निर्णय बमोजिम चालु आ.ब. २०७८/०७९ को लागि ककनी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका ककनी गाउँपालिका भएर बग्ने सिस्नेरी, चाउथे, बालुवा, पात्ले, सादी, बाच्छबिच्चे, कोल्पु खोला किनारबाट दिगो रुपमा नदी जन्य पदार्थ संकलन/बिकी शुल्क लाग्ने सबै प्रकारका मालबस्तु (कृषिजन्य बाहेक) कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित मध्ये देहायको परिमाणको नदीजन्य पदार्थहरू (ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल, चिप्स, स्लेट आदि) ईट्टा, काठको संकलन तथा बिक्री कर एवं कवाडी सामान र निर्यातजन्य सामानहरूको निकासी कर असूली सम्वन्धी कार्यहरू गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरूले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र (**मिति २०७८/०४/०५**) यस कार्यालयको कृषि बिकास बैक, ककनी शाखामा रहेको संचित कोष **खाता नं ०२१३४०१२५१०३४०९३** मा वोलपत्र दस्तुर वापतको रु ५०००।०० पाच हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व.मा नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी **३१औं** दिन (**मिति २०७८/०४/०६**) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि बिकास बैक, ककनी शाखामा रहेको धरौटी **खाता नं. ०२१३४०१२५१०३४०४२** मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरूबाट जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मिती बाट कम्तिमा १२० दिन स्याद भएको जमानी पत्र (Bid Bond) राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ। रीतपूर्वक पर्न आएका बोलपत्रहरू ३१ औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| ठेक्का नं. | ठेक्काको विवरण | परिमाण | दररेट | न्युनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|
| ०८/आन्तरिक आय/ २०७७/०७८ | नुवाकोट जिल्ला, ककनी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सिस्नेरी, चाउथे, बालुवा, पात्ले, सादी, बाच्छबिच्चे, कोल्पु खोला किनार बाट संकलन र विक्री हुने (ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, रोडा, चिप्स, स्लेट) ईट्टा, काठ लगायत संकलन /निकासी/बिकी कर लाग्ने सबै प्रकारका (कृषीजन्य बाहेकका) मालबस्तुमा लाग्ने शुल्क/कर संकलन गर्ने | ककनी गाउँपालीकाले प्रम्भिक वातावरयीय परीक्षण गरेको क्षेत्रबाट संकलन/निकासी/बिक्री हुने २७,७६६६६।६७ घनफिट (सत्ताईस लाख छयहत्तर हजार छ सय छैसठ्ठी पैसा सतसठ्ठी तथा खानी लगनयतका क्षेत्रबाट संकलन गरी फिरफिरेमा वास गरी निकासी हुने र कसरमा उत्पादन भई निकासी हुने अन्य परिमाण समेत | आ.ब. ०७८/७९ को लागी निर्धारित ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, चिप्स, स्लेट, घाटगद्दि एवं संकलन तथा बिकी शुल्क जम्मा प्रति घनफिट रु.९।-(नौ) तथा माटो निकासीको हकमा प्रतिघनफिट रु.२।५०(दुई रुपैया पचास पैसा) मात्र तर गा.पा. भित्र खपत हुने उपरोक्तानुसारका मालवस्तुमा संकलन शुल्क रु.२।०० मात्र लाग्नेछ । | रु २,५४,९०,०००।०० (दुई करोड चौवन्न लाख नब्बे हजार मात्र) | ५०००।०० | कबोल अंकको ५% (पाच प्रतिशत) |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म खरिद गरेको E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of E-bidding मा सबै कागजातहरू Scan गरि PDF format, मा बोलपत्र पेश गर्न सकिने छ । वोलपत्र खरिद तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने दिनलाई क्रमश खरिद र दर्ताको मिति मानिनेछ तर बैंक ग्यारेन्टीको हकमा सूचनामा उल्लेखित मितिवाटै जारी भएकोलाई मान्यता दिइनेछ ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र ककनी गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर,अग्रीम आयकर,आय कर लगायतका सम्पुर्ण करहरू ठेकेदार स्वयंले आफ्नो तर्फ बाट बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ । प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ । बाँकी ६० प्रतिशतले हुने रकम (मु.अ.कर समेत) ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

८. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । वा फोन नं.०१०- ४११०५५ मा सम्पर्क राख्न सकिनेछ ।

९. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१०. बोलपत्र सम्बन्धी अन्य सर्तहरू नेपाल सरकार, बागमती प्रदेश सरकारबाट ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, रोडा, चिप्स, स्लेट निकासी तथा विक्रीकर लाग्ने अन्य मालबस्तुहरू सम्बन्धी कार्यबिधी स्वीकृत गरेको अवस्थामा सोका शर्तहरू र ककनी गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्नु फर्म/कम्पनीको कर्तब्य हुनेछ ।

११. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**